ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

२०८१ / ०९ / ०४
ने.सं.११४५ थिंल्लागा चतुर्थी

# प्रेस विज्ञप्ति

ललितपुर महानगरपालिकाले पालिकाको स्थापना दिवसको अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कृत गर्दै आएको छ । यसैक्रममा ललितपुर महानगरपालिकाको १०६ औं स्थापना दिवसको अवसरमा ललितपुर महानगर गौरब पुरस्कारद्वारा आ आफ्नो क्षेत्रमा योगदान पुऱ्याउनु हुने ६ जनालाई सम्मानसहित पुरस्कृत गरिएको छ । पुरस्कृत हुनेमा कला साहित्य तर्फ योगदान पुऱ्याउनु हुने प्रा. शिव गोपाल रिसाल, खेलकुद (कराते) तर्फ रामजी प्रसाद बज्राचार्य (मरणोपरान्त ), विपद व्यवस्थापन तर्फ नारायण महर्जनलाई पुरस्कृत गरिएको छ । यसैगरी वरिष्ठ कार्टुनिष्ट मोहन श्याम महर्जन, ललितपुर महानगरको असल अभ्यासलाई संचारमाध्यम मार्फत जनमानसमा पुऱ्याउनु हुने संचारकर्मी शिवहरि घिमिरे, वेवारिसे लास व्यवस्थापनमा काम गर्दै आउनु भएका विनयजंग बस्नेतलाई पुरस्कृत गरिएको छ । पुरस्कृत हुनेलाई जनही एक लाखसहित सम्मान पत्र प्रदान गरिएको छ ।

स्थापना दिवसको अवसरमा उत्कृष्ट महानगर सेवा पुरस्कार जनस्वास्थ्य निरीक्षक डा.छविन्द्र गैरेलाई प्रदान गरिएको छ । गैरेलाई नगद रु.५० हजारसहित प्रमाणपत्र थियो । यसैगरी अर्को संस्थागत सम्मान बेरुजु फर्छ्यौट सम्बन्धी कार्यमा उल्लेखनीय भूमिका निर्वाह गरी आ.व. २०७९/८० मा १% भन्दा कम बेरुजु कायम गराए वापत आर्थिक प्रशासन महाशाखालाई प्रदान गरिएको छ । यसका साथै संस्थागत सम्मान विपद व्यवस्थापन तथा उद्दार, सार्वजनिक सम्पति सुरक्षा एवम् संरक्षण, वातावरण संरक्षण, बजार अनुगमन एवम् व्यवस्थापन, ट्राफिक व्यवस्थापन, जात्रा, पर्व महोत्सव व्यवस्थापन लगायतका क्षेत्रमा उल्लेखनीय कार्य गरे वापत नगर प्रहरी बललाई प्रदान गरिएको छ ।

यसैक्रममा,महानगर सेवा पुरस्कारबाट वीरेन्द्र महर्जन - सचिव १८ नं. वडा कार्यालय, लव कार्की- इन्जिनियर सातौं, खानेपानी तथा ढल शाखा, मिना महर्जन - अधिकृत, आर्थिक प्रशासन महाशाखा, आशिष महर्जन - सूचना प्रविधि अधिकृत, सूचना प्रविधि शाखा, मनोज चित्रकार-सहायक चौथो, १० नं. वडा कार्यालय, सेते पहरी- कार्यालय सहयोगी, कानून महाशाखालाई प्रदान गरिएको छ । उक्त पुरस्कार प्राप्त गर्नेलाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको छ ।

Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np

Scanned with CamScanner

यसैगरी १०६ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा २५ वर्ष सेवा गरेका ४८ जना कर्मचारीलाई दीर्घ सेवा पदक र कदर पत्र प्रदान गरिएको छ । अनिवार्य अवकास प्राप्त गरेका १९ जना कर्मचारीलाई पनि कदरपत्र प्रदान गरिएको छ ।

यसैगरी स्थापना दिवसको अवसरमा ललितपुर महानगर अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु मध्ये मापदण्डका आधारमा सवैभन्दा वढी अङ्क ल्याउने विद्यालयहरुमा प्रथम हुने त्रि-पद्म विद्याश्रम माध्यमिक विद्यालय पुल्चोकलाई ३ लाख ५० हजार सहित प्रमाण पत्र प्रदान गरिएको छ । द्धितीय हुने प्रभात माध्यमिक विद्यालय त्यागललाई २ लाख पचास हजार र तृतीय हुने श्रमिक शान्ति माध्यमिक विद्यालय च्यासललाई एक लाख ५० हजार प्रदान गरिएको छ । साथै ललितपुर महानगरको १०६ औं स्थापना दिवसको अवसरमा ललितपुर महानगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु मध्ये सामाजिक लेखा परीक्षण र तोकिएको मापदण्डका आधारमा सवैभन्दा वढी अङ्क ल्याउने विद्यालयहरुलाई पुरस्कार र सम्मान प्रदान गरिएको छ । यस अन्तर्गत प्रथम हुने आदर्श शौल युवक माध्यमिक विद्यालय बुङमतीलाई ३ लाखसहित प्रमाणपत्र प्रदान गरिएको छ । द्धितीय हुने महेन्द्र भृकुटी माध्यमिक विद्यालय एकान्तकुनालाई प्रमाणपत्र सहित २ लाख प्रदान गरिएको छ । महानगरपालिकामा आ.व. २०८०/८१ मा सबैभन्दा बढी कर बुझाउने उत्कृष्ट करदाता (संस्थागत) तर्फ एनसेल एजियाटा लि.ललितपुर-१५, ललितपुर र व्यक्तिगत तर्फ अमृतरत्न शाक्य र रत्नदेवी शाक्य, ललितपुर-३, ललितपुरलाई सम्मान गरिएको छ ।

चिरीबाबु महर्जन
प्रमुख

2022.02.14 16:26

Scanned with CamScanner